# संघीय संसद सचिवालय

(कार्यव्यवस्था महाशाखा, राष्ट्रिय सभा)

अत्यन्त जरुरी

संसद भवन, सिंहदरबार
काठमाडौं, नेपाल।

पत्र संख्या :- २०८०/८१
च.नं :- ९६

मितिः २०८०/०६/२९

O/C

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

विषयः **स्वीकृत संकल्प प्रस्ताव कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा **"अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी विषयमा"** माननीय प्रकाश पन्थ प्रस्तावक र माननीय शारदा देवी भट्ट, माननीय सिंग बहादुर विश्वकर्मा, माननीय तुल प्रसाद विश्वकर्मा, माननीय भगवती न्यौपाने, माननीय खिमलाल देवकोटा, माननीय अनिता देवकोटा, माननीय गंगा कुमारी बेलबासे, माननीय रमेश जंग रायमाझी, माननीय बामदेव गौतम, माननीय विमला घिमिरे, माननीय दिल कुमारी रावल थापा (पार्वती), माननीय विना पोखरेल, माननीय देवेन्द्र दाहाल, माननीय मदन कुमारी शाह (गरिमा), माननीय उदय वहादुर बोहरा, माननीय महेश कुमार महरा, माननीय सुमित्रा बी.सी., माननीय तुलसा कुमारी दाहाल, माननीय डा. विमला राई पौड्याल, माननीय सोनाम गेल्जेन शेर्पा र माननीय रामचन्द्र राई समर्थक भई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७८ र ७९ बमोजिम संघीय संसद सचिवालयमा दर्ता भएको संकल्प प्रस्ताव माथि मिति २०८०/०६/२६ गतेको राष्ट्रिय सभाको बैठकमा छलफल भई सम्माननीय प्रधानमन्त्रीज्यूबाट समेत जवाफ दिएपश्चात् सर्वसम्मतिबाट स्वीकृत भएको व्यहोरा अवगतार्थ अनुरोध छ ।

उक्त संकल्प प्रस्तावको सम्बन्धमा सभाले देहाय बमोजिमको निर्देशन गरेको हुँदा कार्यान्वयनका लागि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८७ बमोजिम उक्त संकल्प प्रस्ताव, सो दिनको सभाको बैठकको संक्षिप्त विवरण र नियमावलीको व्यवस्थाको छाँयाप्रति समेत यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु।

**सभाको निर्देशनः** "सभाबाट सर्वसम्मतिले स्वीकृत अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी संकल्प प्रस्तावमा उल्लेखित विषयहरुको कार्यान्वयनका लागि सम्माननीय प्रधानमन्त्रीले सभामा व्यक्त गर्नुभएका प्रतिवद्धता समेतका आधारमा अन्तर मन्त्रालय, निकाय, तह र सरोकारवालाहरूसँग छलफल तथा परामर्श गरी एकीकृत कार्ययोजना बनाई कार्यान्वयन गर्ने र हरेक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक कार्यप्रगति प्रतिवेदन सभा समक्ष पेस गर्न नेपाल सरकारलाई यो सभा निर्देशन गर्दछ । साथै सभा अन्तर्गतका विषयगत समितिहरूले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित उक्त संकल्प प्रस्तावमा उल्लिखित विषयहरूको कार्यान्वयनका सम्बन्धमा निरन्तर अनुगमन गर्न समेत निर्देशन गर्दछु।"

**बोधार्थ** (संकल्प प्रस्तावमा उल्लेखित मन्त्रालयसँग सम्बन्धित विषयको कार्यान्वयनको अनुगमन प्रयोजनार्थ)

श्री दिगो विकास तथा सुशासन समिति,
श्री विधायन व्यवस्थापन समिति,
श्री प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति,
श्री राष्ट्रिय सरोकार तथा समन्वय समिति।

(श्रीता काफ्ले वाग्ले)
सहसचिव

| क्र.सं. | मन्त्रालय/कार्यालय/सचिवालय | बुझिलिने |
|---|---|---|
| १. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, | |
| २. | सहरी विकास मन्त्रालय, | |
| ३. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, | |
| ४. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, | |
| ५. | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, | |
| ६. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, | |
| ७. | युवा तथा खेलकुद मन्त्रालय, | |
| ८. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, | |
| ९. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, | |
| १०. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | |
| ११. | गृह मन्त्रालय, | |
| १२. | कानून न्याय तथ संसदीय मामिला मन्त्रालय, | |
| १३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, | |
| १४. | अर्थ मन्त्रालय, | |

मन्त्रालयको सचिवहरू

६/२५

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

माधव पोखरेल
६/२५

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

६/३०

Lalita
२०८०/६/३०

६/२५

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

६/२०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

२०८०/६/३०

६/३०

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

०८० / ०६/२८

मिना पाण्डे
६/३०

०८०/६/३०

६/३०

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

८३. **सङ्कल्प पेश गर्ने तरिका** : (१) अध्यक्षले नाम लिएपछि सङ्कल्प प्रस्तुत गर्न चाहने सदस्यले बैठकमा आफ्नो सङ्कल्प पेश गर्न सक्नेछ र त्यसरी सङ्कल्प पेश गर्दा सङ्कल्पको व्यहोरा पढी वक्तव्य दिन सक्नेछ ।

तर अध्यक्षको अनुमति लिएर कुनै सदस्यले अन्य कुनै सदस्यलाई आफ्नो सङ्कल्प पेश गर्न अधिकृत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अध्यक्षले सदस्यको नाम लिएपछि सो सदस्यले सङ्कल्प पेश नगर्ने इच्छा प्रकट गर्न सक्नेछ ।

(३) सम्बन्धित सदस्यले पेश नगरेको सङ्कल्प निजले फिर्ता लिएको मानिनेछ ।

८४. **छलफलको समयावधि** : सदस्यले सङ्कल्प प्रस्तुत गर्दा र सम्बन्धित मन्त्रीले पहिलो पटक बोल्दा अध्यक्षको अनुमतिले बीस मिनेटसम्मको समय पाउनेछ । बोल्न चाहने अन्य सदस्यको समयावधिको निर्धारण अध्यक्षले गर्नेछ । सदस्यले बोलिसकेपछि सम्बन्धित मन्त्रीले जवाफ दिनेछ ।

८५. **संशोधन सम्बन्धी शर्त** : (१) यस परिच्छेद अन्तर्गत पेश भएका सङ्कल्पमाथि अध्यक्षको अनुमति लिई संशोधन पेश गर्न सकिनेछ ।

(२) नियम ६९ मा उल्लिखित शर्त सङ्कल्पको संशोधनका हकमा पनि लागू हुनेछन् ।

८६. **सङ्कल्पमा निर्णय** : छलफल समाप्त भएपछि सङ्कल्प उपर कुनै संशोधन पेश भएको रहेछ भने बैठकले पहिले त्यसको निर्णय गरी सङ्कल्पमा निर्णय गर्नेछ ।

८७. **स्वीकृत सङ्कल्प पठाइने** : सचिवले बैठकद्वारा स्वीकृत गरिएको प्रत्येक सङ्कल्पको एक-एक प्रति मन्त्रिपरिषद्लाई र सम्बन्धित मन्त्रीलाई पठाउनेछ । सम्बन्धित मन्त्रीले स्वीकृत सङ्कल्प कार्यान्वयन गरी सोको जानकारी सचिवालयमा पठाउनु पर्नेछ ।

तर कुनै मनासिब कारण परी सङ्कल्प कार्यान्वयन हुन नसकेकोमा त्यस्तो कारण सहितको जानकारी सभालाई गराउनु पर्नेछ ।

संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-४३
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:३१ बजे*
*बैठक स्थगित : ०१:३२ बजे*

२०८० असोज २६ गते, शुक्रवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको त्रिचालिसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:३१ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले राष्ट्रिय सरोकार तथा समन्वय समितिका **माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती)**लाई **"राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन"** सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय सदस्य रमेश जंग रायमाझीलाई "राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठन गरियोस्"** भनी राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३६ बमोजिम समितिमा रहनु हुने माननीय सदस्यहरुको नामावली सहितको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो। उक्त प्रस्तावको माननीय सदस्य गोपी बहादुर सार्की आछामी र माननीय सदस्य देवेन्द्र दाहालले समर्थन गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठन गरियोस्"** भन्ने माननीय सदस्यहरूको नामावली सहितको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय प्रकाश पन्थ प्रस्तावक र माननीय शारदा देवी भट्ट, माननीय सिंग बहादुर विश्वकर्मा, माननीय तुल प्रसाद विश्वकर्मा, माननीय भगवती न्यौपाने, माननीय खिमलाल देवकोटा, माननीय अनिता देवकोटा, माननीय गंगा कुमारी बेलबासे, माननीय रमेश जंग रायमाझी, माननीय बामदेव गौतम, माननीय विमला घिमिरे, माननीय दिल कुमारी रावल थापा (पार्वती), माननीय विना पोखरेल, माननीय देवेन्द्र दाहाल, माननीय मदन कुमारी शाह (गरिमा), माननीय उदय वहादुर बोहरा, माननीय महेश कुमार महरा, माननीय सुमित्रा बी.सी., माननीय तुलसा कुमारी दाहाल, माननीय डा. विमला राई पौड्याल, माननीय सोनाम गेल्जेन शेर्पा र माननीय रामचन्द्र राई** समर्थक भई **"अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी विषयमा"** संकल्प प्रस्ताव दर्ता गर्नुभएको व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी संकल्प प्रस्तावमाथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८५ बमोजिम कुनै पनि माननीय सदस्यहरुबाट संशोधनको सूचना प्राप्त नभएको व्यहोरा जानकारी गराउनुभयो र माननीय प्रकाश पन्थलाई उक्त संकल्प प्रस्ताव सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्तावलाई पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त सङ्कल्प प्रस्तावको समर्थक देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

१. मा. शारदा देवी भट्ट
२. मा. सिंग बहादुर विश्वकर्मा
३. मा. तुल प्रसाद विश्वकर्मा
४. मा. भगवती न्यौपाने
५. मा. खिमलाल देवकोटा
६. मा. अनिता देवकोटा (अनुपस्थित)
७. मा. गंगा कुमारी बेलबासे
८. मा. रमेश जंग रायमाझी
९. मा. बामदेव गौतम
१०. मा. विमला घिमिरे
११. मा. दिल कुमारी रावल थापा (पार्वती)
१२. मा. विना पोखरेल
१३. मा. देवेन्द्र दाहाल
१४. मा. मदन कुमारी शाह (गरिमा) (अनुपस्थित)
१५. मा. उदय बहादुर बोहरा (अनुपस्थित)
१६. मा. महेश कुमार महरा
१७. मा. सुमित्रा बी.सी.
१८. मा. तुलसा कुमारी दाहाल
१९. मा. डा. विमला राई पौड्याल
२०. मा. सोनाम गेल्जेन शेर्पा (अनुपस्थित)
२१. मा. रामचन्द्र राई (अनुपस्थित)

तदुपरान्त, सम्माननीय अध्यक्षले अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी सङ्कल्प प्रस्तावमाथि समर्थक माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको र उक्त प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिन चाहनुहुने देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

१. मा. सुरेश कुमार आलेमगर
२. मा. भुवन बहादुर सुनार
३. मा. जितेन्द्र नारायण देव
४. मा. माया प्रसाद शर्मा
५. मा. कुमार दसौदी
६. मा. राजेन्द्र लक्ष्मी गैरे
७. मा. गोपाल भट्टराई
८. मा. राधेश्याम पासवान
९. मा. भैरव सुन्दर श्रेष्ठ

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त सङ्कल्प प्रस्तावमाथिको छलफलमा समर्थक बाहेक अन्य माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै सम्माननीय प्रधानमन्त्रीलाई सभामा उठेका विषयहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो र सम्माननीय प्रधानमन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी** संकल्प प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराई उक्त सङ्कल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले देहायबमोजिमको निर्देशन गर्नुभयो:

"सभाबाट स्वीकृत अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी सङ्कल्प प्रस्तावमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि अन्तर मन्त्रालय, निकाय, तह र सरोकारवालाहरूसँग छलफल तथा परामर्श गरी एकीकृत कार्ययोजना बनाउन हरेक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र कार्यप्रगति प्रतिवेदन सभा समक्ष पेस गर्न राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८७ बमोजिम नेपाल सरकारलाई यो सभा निर्देशन गर्दछ । साथै सभा अन्तर्गतका विषयगत समितिहरूले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित उक्त सङ्कल्प प्रस्तावमा उल्लिखित विषयहरूको कार्यान्वयनका सम्बन्धमा निरन्तर अनुगमन गर्न समेत निर्देशन गर्दछु।"

त्यसपछि, सम्माननीय अध्यक्षले **"शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक २०८०"** माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना

प्राप्त नभएको जानकारी गराउनुहुँदै उक्त विधेयक सभासमक्ष पेस गर्न माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईलाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङको तर्फबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राई** लाई **"विधायन सम्बन्धी विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **"विधायन सम्बन्धी विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **१६ मिनेटपछि** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव